नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं

भारतबाट गहुँ र चिनी आयात गर्न चाहने उद्योगी/व्यवसायीलाई

जरुरी सूचना

हालै भारत सरकारले गहुँको निर्यातमा प्रतिबन्ध लगाएको तथा चिनी निर्यातको लागि भारत सरकारको विशेष स्वीकृति आवश्यक पर्ने भनी सूचना प्रकाशन गरेको छ । यस सन्दर्भमा भारतबाट चिनी र गहुँ आयात गर्न चाहने उद्योगी/व्यवसायीले तपसिल बमोजिमको ढाँचामा विवरण खुलाई तोकिएका कागजात संलग्न गरी मिति २०७९/०४/२८ गते भित्र यस मन्त्रालयको ईमेल bilateral.moics@gmail.com मा पठाउनुहुन अनुरोध छ । साथै, यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा मन्त्रालयको फोन नं. ०१-४२११५४१ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

तपसिल

१. चिनीका लागि Annexure-A र गहुँका लागि Annexure-B फारम मन्त्रालयको वेवसाइटबाट डाउनलोड गरी फारममा उल्लिखित सम्पूर्ण विवरणहरु प्रष्टसँग भर्ने र आधिकारिक व्यक्तिको सहिछाप गर्ने ।

२. फारमसाथ प्रचलित कानून बमोजिम नोटरी प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरु:

क. उद्योग/व्यवसाय दर्ताको प्रमाणपत्र

ख. कर चुक्ता प्रमाणपत्र

ग. आयात/निर्यात इजाजतपत्र

घ. प्रचलित कानून बमोजिम क्वारेन्टिन लगायतका इजाजतपत्र